# सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७

कार्यकारी समितिवाट स्वीकृत मितिः २०७७।०८।१६

**पृष्ठभूमिः**

शीतलहर तथा हिमपातका कारण नेपाल बर्सेनी प्रभावित हुने गरेको छ । विगत १० बर्षको तथ्यांक हेर्दा ११६ जनाले शीतलहरको कारण र १२ जनाले हिमआँधीका कारण ज्यान गुमाएको अभिलेखमा देखिन्छ[1] । २०७१ असोज २८ मा मनाङ् मुस्ताङ् लगायतको हिमाली क्षेत्रमा आएको हिमआँधी (हुदहुद) का कारण ४३ जनाको ज्यान गएको थियो जसमध्ये २१ जना पदयात्रीहरु थिए ।करिव ५० जना हराएका थिए भने ४०० जनाको उद्दार गरिएको थियो ।[2] शीतलहर, हुस्सु तथा हिमपातका कारण ठूलो भौतिक तथा अन्य क्षति हुने गरेको भएतापनि यसको ठोस अभिलेख हुन सकेको छैन ।

यसबर्षको मनसुनमा बाढी तथा पहिरोका कारण धैरै घरपरिवारहरु घर विहीन भई अस्थायी आश्रयस्थलमा छन् । जाडोको मौषममा विस्थापितहरुलाई थप समस्याहरु पर्ने निश्चित छ । खासगरी जेष्ठ नागरिकहरु, विरामीहरु, सुत्केरी तथा गर्भवतीहरु थप संकटासन्न छन्

कोठा तातो बनाउन आगो ताप्दा निसासिएर मृत्यु तथा घाइते हुने तथा आगोलागी भएर जनधनको क्षति हुने गरेको छ । जाडोको समयमा आगोलागीका घटनाहरु बढी हुने गरेको देखिन्छ ।

यसै वीच कोभिड १९ को महामारी र वातावरण प्रदुषणका कारण जोखिम थप भएको छ । निमोनिया, दम जस्ता रोगहरु बढ्नेछन् ।

प्रकोपको प्रभावि जिल्लाहरु निम्नानुसार देखिन्छन् :

| प्रकोप | प्रभावित जिल्लाहरु |
|---|---|
| शीतलहर | **बढी प्रभावितः** सुनसरीको दक्षिणी भाग, सप्तरी ,सिरहा ,धनुषा ,महोत्तरी ,सर्लाही ,रौतहट, बारा ,पर्सा ,नवलपरासी पश्चिम र कपिलबस्तु गरी ११ जिल्ला<br>**कम प्रभावितः** झापा, मोरङ्ग, उदयपुर, चितवन, दाङ्ग, बाँके, बर्दीया, कैलाली र कञ्चनपुर गरी ११ जिल्लाहरु |
| हिमपात | ताप्लेजुङ, संङखुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, बाजुरा, बझाङ, दार्चुला, धादिङ, रामेछाप, गोरखा, रुकुम (पूर्व) , म्याग्दी गरी २१ जिल्लाहरु |
| अन्यः चिसो | सबै जिल्लाहरु |

[1] http://drrportal.gov.np/
[2] http://drrportal.gov.np/uploads/document/1445.pdf p.9




**विध्यमान नीतिगत व्यवस्थाः**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड (सातौ संशोधन), २०७७ अनुरूप जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार विपद्मा परेकाहरुलाई राहत प्रदान गरिदै आएको
- शीतलहर तथा चिसो प्रभावित विपन्नहरुको पहिचान तथा राहत प्रदान सम्बन्धी मापदण्ड, २०६९ अनुसार राहत तथा प्रतिकार्यका कार्यहरु गरिदै आएको
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहवाट जारी भएका कानूनहरु छन् । आवश्यकतानुसार निर्णयहरु पनि हुने गरेका छन् ।

**मार्गदर्शनः**

शीतलहर, हिमपात, हिमआँधीका कारण हुनसक्ने विपदका घटनाहरुको जोखिम न्यूनीकरण गरी जनधनको क्षति कम गर्न देहायको मार्गदर्शन अनुसार क्षेत्रगत विशिष्टतालाई ध्यानमा राखेर पूर्वतयारी तथा प्रतिकार्य गर्नुपर्छ-

| **शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७** |
|---|

| सि.नं. | कृयाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | सूचना सङ्कलन गर्नेः<br>संभावित प्रकोप, त्यसको प्रभाव क्षेत्र, प्रभावित परिवार तथा जनसँख्या (घर विहीन, अति विपन्न वा अन्य कारणले जोखिममा पर्न सक्ने संख्या) | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| २ | उपलब्ध साधन श्रोतको आँकलन गर्नेः जस्तैः खाध्यान्न, न्यानो कपडा, कम्बल, दाउरा काठ, biomass, Agricultural Residuals, औषधी र स्वास्थ्य सेवा, हिउँ पन्छाउने सामग्री, सञ्चार, पहुँच, खट्ने जनशक्ति आदि । | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| ३ | साधन श्रोतको कमी पत्ता लगाउने र त्यसको जोहो गर्नेः<br>नपुग सामग्री, रकम, संभाव्य श्रोत, खरिद वा अन्य तरिकाले प्राप्ती, माग, Standby Agreement with Suppliers on the basis of replenish, cloth bank आदि । | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| ४ | लक्षित बर्गको लागि अत्यावस्यक सामग्री र सेवाको प्रवाह स्थल निर्धारण गर्ने र सोको लागि जनशक्ति समेत तोक्ने । | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| ५ | खोज, उद्दार, अत्यावस्यक सेवा सञ्चालन र तत्कालिन राहतको पूर्वतयारी गर्ने । न्यूनतम् सामग्रीको मौज्दात राख्ने । | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तत्कालै |
| ६ | -हिमपात ,चिसो तथा शीतलहरबाट बच्न जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने, सामग्री तयार गरी प्रचार प्रसार गर्ने, विद्यार्थीहरुलाई कक्षा दिने । | NDRRMA, जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समित, School | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै / क्रमशः |

| | | | | |
|---|---|---|---|---|
| | -“शरिरको न्यानो बचाउ” अभियान प्रचार गर्ने । | management Committees | | |
| ७ | संभावित दूर्घटनाहरु जस्तैः आगलागी, कोठामा निसासिने आदिबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार गरी आम सञ्चारमाध्याम मार्फत प्रचार प्रसार गर्न । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| ५ | खोज, उद्दार, अत्यावस्यक सेवा सञ्चालन र तत्कालिन राहतको पूर्वतयारी गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तत्कालै |
| ६ | हिमपात ,चिसो तथा शीतलहरबाट बच्न जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने, सामग्री स्थानीय भाषामा समेत तयार गरी प्रचार प्रसार गर्ने, विद्यार्थीहरुलाई कक्षा दिने । | NDRRMA, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समित, School management Committees | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै / क्रमशः |
| ७ | संभावित दूर्घटनाहरु जस्तैः आगलागी, कोठामा निसासिने आदिबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार गरी आम सञ्चारमाध्याम मार्फत प्रचार प्रसार गर्न । | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| ८ | हिमपात, तुसारो, बाक्लो कुहिरो तथा हुस्सुका कारण संभावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न आवश्यकतानुसार सर्बे समूह गठन गरी त्यस्ता स्थानहरुको Mapping गर्ने र दुर्घटना हुनसक्ने जोखिमयुक्त/सम्भावित क्षेत्रहरुमा बिभिन्न सांकेतिक चिन्हहरु तथा सूचनामुलक सन्देशहरु राख्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |

| | | | | |
|---|---|---|---|---|
| | सवारी चालकहरुलाई प्रवेश तथा प्रस्थान विन्दुमा जानकारी गराउने ।Compulsory fog light etc. | | | |
| ९ | हिमाली क्षेत्रमा हुन सक्ने हिउँआधी लागायतका संभाव्य दूर्घटनाको खोज उद्दार र उपचारको आवश्यकक पूर्वतयारी गर्ने । | सुरक्षा निकायहरु,<br>जिल्ला विपद् व्यवस्थापन समिति | गृह मन्त्रालय,<br>स्वास्थ्य मन्त्राय,<br>प्रदेश सरकार | तुरुन्तै |
| १० | पूर्वसूचना र प्रचार प्रसारः<br>- शीतलहर (Cold Wave) तथा मौषम सम्बन्धी पूर्वानुमान बुलेटिन साप्ताहिक/दैनिक जारी गर्ने र सो बुलेटिनलाई आम सञ्चार माध्यामबाट प्रकाशन तथा प्रशारण गर्ने गराउने ।<br>- प्राधिकरण र विभाग बीच आवश्यकतानुसार बैठक राखी समन्वय गर्ने ।<br>-यस्तो सूचना सबै खाले जोखिम वर्गसम्म पुर्याउन SMS लगायत अन्य प्रणाली विकास गरी उपयोग गर्ने गराउने । | जल तथा मौषम बिज्ञान बिभाग (DHM),<br>राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति,<br>सूचना तथा संचार मन्त्रालय | नियमित र आवश्यकतानुसार |
| ११ | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने, स्वास्थ्यकर्मी औषधीहरु र द्रुत प्रतिकार्य समूह तयार गरी परिचालन गर्ने । आवश्यकता हेरी स्वास्थ्य शिविर सञ्चालन गर्ने । | स्वास्थ्य मन्त्रालय,<br>प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै र नियमित |
| १२ | कृषिवाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सुचना प्रचार प्रशार गराउने र शीतलहरको कारणबाट अन्नवाली/पशुपंक्षीको क्षती भएमा कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्रबिधी सहयोग र राहत | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,<br>प्रदेश सरकार,<br>जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै र आवश्यकतानुसार |

| | | | | |
|---|---|---|---|---|
| | तत्काल उपलब्ध गराउने, गर्न लगाउने । | | | |
| १३ | कृषिक्षेत्रमा हुने विपद् जोखिम हस्तान्तरण (वीमा)का योजना रणनीतिक कार्ययोजना तयार गरी पेश गर्ने | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र NDRRMA | अर्थ मन्त्रालय, प्रदेश सरकार | यस आव भित्र |
| १४ | काठमाडौं उपत्यका लगायतका स्थानमा प्रदुषणका कारण सिर्जित हुन सक्ने समस्या र प्रभावलाई न्यूनीकरण गर्न आवश्यक उपायहरु अबलम्बन गरी सूचना प्रवाह गर्ने गराउने । | वन तथा वातावरण मन्त्रालय | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | नियमित |
| १५ | जिल्ला तथा स्थानीय स्तरमा पूर्वतयारी र प्रतिकार्यको योजना निर्माण गरी कार्यान्वयन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति,<br>स्थानीय विपद् व्यवस्थापन समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| १६ | संघ र प्रदेशमा विषयगत क्षेत्रहरु (Clusters) अनुसारको योजना तयार गरी कार्यान्वयन गर्ने । | संघ तथा प्रदेशका सम्बन्धित विषयगत क्षेत्रका नेतृत्वकर्ता र सहयोगी निकायहरु | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |
| १७ | साधन, श्रोत र  रकम उपलब्ध गराउने | विपद् व्यवस्थापन कार्यकारी समिति | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै र आवश्यकतानुसार |
| १८ | राहत उपलब्ध गराउने (स्वीकृत मापदण्ड वा कानून अनुसार उपलब्ध गराउने, भरसक एकै प्रकारको राहत नदोहोरिने गरी उपलब्ध गराउने) | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय विपद् व्यवस्थापन समिति र सम्बन्धित निकायहरु | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | आवश्यकता र योजना अनुसार |
| १९ | सहयोग गर्ने र परिचालित हुने | सबै सुरक्षा निकायहरु, | प्रदेश विपद् व्यवस्थापन | तुरुन्तै र आवश्यकतानुसार |

| | | | | |
|---|---|---|---|---|
| | | सबै तहका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, Clusters leads and co-leads. | कार्यकारी समिति | |
| २० | योजना कार्यान्वयन र कमिकमजोरीहरु तथा सिकाईहरु सहित समावेश गरी प्रतिवेदन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र प्राधिकरण | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | यस बर्ष भित्र |
| २१ | कोभिड-१९ संवेदनशील भएर योजना निर्माण र कार्यान्वयन गर्ने । | सम्बन्धित सबै निकायहरु तथा पदाधिकारीहरु | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | तुरुन्तै |

मितिः २०७७।०८।१६